लघुवित्तमा पहुँच

फर्स्ट माइक्रोफाइनान्स डेभलपमेण्ट बैंक लि.
First Microfinance Development Bank Ltd.

FMDB समाचारपत्र

अंक १२ www.fmdb.com.np २०७३

फर्स्ट माइक्रोफाइनान्स डेभलपमेण्ट बैंक लि.(एफएमडिबी) एक झलक (२०७३ असार मसान्त)

यस अंकमा

१) लघुवित्त र लघुउद्यम एक अर्काका परिपुरक

२) अन्तरक्रिया कार्यक्रम

३) Upcoming International Events Related to Microfinance

क्र.सं	विवरण	संख्या
१	लघुवित्त सेवा पुगेको जिल्ला	४५
२	लगानीमा रहेको ऋण	२६३.९३ करोड
३	लघुवित्त सेवाबाट लाभान्वित ग्राहक सदस्य	८० हजार
४	साझेदार लघुवित्त संस्थाहरु	१४३
५	साझेदार कर्जा प्रदायकहरु	२३
६	साझेदार डेभलपमेण्ट एजेन्सी	३
७	अन्य साझेदार संस्थाहरु	६

लघुउद्यम र लघुवित्त एक अर्काका परिपुरक

सामान्य अर्थमा स-सानो पुँजी लगानी गरेर सञ्चालन गर्न सक्ने उद्यमलाई लघुउद्यम भनिन्छ । स्थानीय स्तरमा उपलब्ध स्रोत साधनलाई, श्रम र सीप र पूँजीको माध्यमवाट परिचालन गरि आर्थिक उपार्जन गरिन्छ भने त्यसलाई लघुउद्यम भन्न सकिन्छ । लघु उद्यमले स्थानिय स्तरमा स्वरोजगारी सृजना गरी मानिसहरुको आर्थिक उन्नतिमा टेवा पुर्‍याउदछ । यसले राज्यको कुल ग्राहस्थ उत्पादनमा योगदान पुर्‍याउनुका साथै देशको आयत प्रतिस्थापन र निर्यात वृद्धिमा समेत महत्वपूर्ण भूमीका खेल्न सक्दछ । नेपालमा मध्यम तथा न्यून आय स्तर भएका मानिसहरुका माझ लघुउद्यम आयआर्जन तथा स्वरोजगारीताको आकर्षण बन्दै गईरहेको छ ।

उद्यमलाई पूँजी लगानी तथा उद्यममा काम गर्ने कामदार संख्याको आधारमा विभिन्न समूहमा वर्गिकरण गर्न सकिन्छ । नेपालमा **औधोगिक व्यवसाय ऐन-२०४९ अनुसार उद्योगलाई निम्नअनुसार वर्गिकरण गर्ने गरेको पाईन्छ ।**

उद्योगको प्रकार	पुँजी
घरेलु उद्योग/लघु उद्यम	परम्परागत रुपमा स्थापित स्थानीय सीप र स्रोतको अधिकतम परिचालन हुने, श्रमभार वढि लाग्ने वा प्रविधिको कम प्रयोग, राष्ट्रिय परम्परागत कला र संस्कृतिको संरक्षणमा टेवा पुर्‍याउने
साना उद्योग	३ करोडसम्मको स्थिर सम्पत्तीमा लगानी
मझौला उद्योग	३ करोड देखि १० करोड सम्म
ठूला उद्योग	दश करोड भन्दा वढि पुँजी लगानी भएको

नेपाल राष्ट्र वैंकले घ वर्गका लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरेको निर्देशन २०७२ को दफा ३ को उपदफा ३.२ को स्पष्टीकरणमा “लघु उद्यम” भन्नाले १० जना भन्दा कम व्यक्ति काममा संलग्न भई सञ्चालित हुने आयमुलक व्यवसाय सम्झनु पर्छ भनिएको छ । सोही निर्देशनमा लघुवित्त वित्तीय संस्थाहरुले विपन्न तथा न्यून आय भएका व्यक्तिलाई लघु उद्यम सञ्चालन गर्नका लागि विना धितोमा ३ लाख सम्म र धितो लिएर ७ लाखसम्मको कर्जा

लगानी गर्न सक्ने व्यवस्था गरेको छ । जसमा धितो लिई प्रवाह गरिने सबै किसिमको कर्जा कुल कर्जाको बढीमा एक तिहाई भन्दा बढि हुन नहुने व्यवस्था समेत रहेको छ ।

लघु उद्यम कर्जा

न्यून आय भएका मानिसहरुका लागि रोजगारीको सृजना एवम् आयवृद्धि गर्नका लागि निजको परिवारको अनुभव, सीप र दक्षता भएको व्यवसाय शुरुवात गर्न वा व्यवसायलाई विस्तार गर्नका लागि धितो वा विना धितोमा गरिने लगानीलाई सामान्य: भाषामा लघु उद्यम कर्जा भन्न सकिन्छ । लघुवित्त संस्थाहरुले त्यस्ता वर्गहरुलाई समूहमा आवद्ध गराई उनीहरुले छानेको व्यवसायमा लघुउद्यम कर्जा लगानी गर्न सक्दछन ।

लघुवित्त

सामान्य अर्थमा लघुवित्त सानो आकारको वित्त हो । लघुवित्त साना उद्यम वा व्यवसायका लागि वित्तीय सहयोग गर्ने माध्यम हो । गरिबीको रेखामुनी रहेका वा न्यून आय भएका व्यक्तिहरुलाई आयमुलक क्षेत्रमा संलग्न गराउन तथा जीविकोपार्जन गर्नसक्ने आयमुलक काममा लगाउने काम गर्न र उनीहरुको जीवनस्तर सुधार्ने काममा लघुवित्तलाई परिचालन गर्न सकिन्छ ।

सानो परिमाणको वित्त भएकाले लघुवित्त न्यून आय भएका घरपरिवारका लागि आवश्यक पर्ने वित्तीय सेवाका लागि प्रभावकारी औजार मानिन्छ । विपन्न तथा न्यून आय भएका घरपरिवारहरुको प्राय: ठूला बैकहरुसँग वित्तीय कारोवारका लागि पहुँच पुग्दैन । उनीहरु त्यस्ता बैक सम्म वित्तीय कारोवारका लागि जाने हिचकिचाउछन त्यसैले उनीहरुलाई नै लक्षित गरी विपन्न सदस्य मैत्री वित्तीय सेवाको अलग्गै ढाँचा विकास गर्न बाञ्छनिय भएकाले समूह पद्धतिको लघुवित्त सेवाको शुरुवात भयो र यो आज पनि दिनानु दिन लोकप्रिय बन्दै गएको छ । न्युन आय भएका विपन्न परिवारसँग पर्याप्त धितो राखी ठूला बैंकहरुसँग ऋण कारोवार गर्ने सामार्थ्य हुदैन र बिपन्न परिवारहरु इमान्दार हुन्छन भन्ने विश्वासका साथ बंगलादेशका प्रोफेसर मोहमद युनुसले शुरु गरेको लघुवित्त कार्यक्रम आज विश्वभर लोकप्रिय बनेको छ । यसले वित्तीय पहुँच वढाउन तथा न्यून आय भएका सदस्यहरुको शसक्तिकरणमा उल्लेख्य भूमीका खेलेको छ । लघुवित्त विपन्न परिवारको वित्तीय पहुँचका साथै आर्थिक उन्नतीको लागि महत्वपुर्ण कडिको रुपमा त्यति बेला स्थापित हुन्छ जतिबेला लघुवित्त र लघुउद्यम एक अर्काका परिपुरक हुन्छन ।

नेपालमा अझै पनि कुल जनसंख्यामा गरीबीको रेखा मुनि रहेको जनसंख्या २५ प्रतिशतको हाराहारी रहेकाले पनि लघुवित्तको खाँचो बढेर गएको छ । उक्त वर्गका मानिसहरुलाई संस्थागत वित्तीय कारोवार गर्न लघुवित्त वित्तीय संस्थाहरु सहयोग सिद्ध भएका छन । लघुवित्त संस्थाहरुले लघुवित्तीय सेवा मार्फत न्यून आय भएका परिवारको आर्थिक तथा सामाजिक विकास गराउने लक्षका साथ कार्य गरेका हुन्छन ।



लघुवित्त संस्थाहरुले कर्जाको कारोवार गर्ने असल सदस्यहरुलाई क्रमिक रुपमा कर्जाको सीमा बढाए अनुरुप सदस्यहरुको उद्यमशिलतामा पनि बढोत्तरी भए नभएको मूल्याङ्कन गर्नु पर्दछ । लघुवित्तको प्रभावकारिता त्यति बेला मात्र पुष्टि हुन्छ जति बेला लघुवित्तमा संलग्न सदस्यहरुको उद्यमशिलतामा क्रमश अभिवृद्धि हुदै गएको हुन्छ ।



लघुवित्त संस्थाको ध्येय त्यतिबेला पुरा हुन्छ जति बेला न्यून आय भएका घरपरिवारको सहज वित्तीय पहुँच लघुवित्त वित्तीय संस्थामा पुग्दछ र ती संस्थाको सेवा

प्राप्त गरी सदस्यहरु उद्यमी तथा व्यवसायी बन्न थाल्दछन ।

लघुवित्त कार्यक्रमको हाल सम्मको प्रयोग र परीक्षण पश्चात यसलाई न्यून आय भएका घर परिवारको बदलिँदो आवश्यकता पुरा गर्ने गरी खास ढंगले विकास गर्नु पर्ने आवश्यकता महशुष भएको छ । यसले सानो आय भएका समूहहरुलाई कर्जा उपलब्ध गराउनुको साथ साथै उनीहरुको दिगो आर्थिक सुधारका लागि लक्षित वर्गमा खास किसिमको उद्यमशीलताको विकास गराउनु पर्ने देखिन्छ । यसका साथै साना उद्यमीको बजार पहुँच अर्को आवश्यकताको रुपमा देखा परेको छ । यसको अभावमा आर्थिक स्तरोन्नती दिगो हुन सक्दैन । अर्को महत्वपूर्ण पक्ष साना ऋणीहरु साना व्यवसायमै सीमित रहँदा पनि समाजमा आर्थिक असमानता बढेर जाने सम्भावना रहन्छ । उनीहरुलाई वित्तीय कारोवारका लागि अनौपचारिक क्षेत्रवाट औपचारिक क्षेत्रमा र लघुउद्यमवाट साना र मझौला उद्योगमा स्तरोन्नती हुन प्रोत्साहित गर्नु पर्दछ ।



माथीको पिरामिडले लघु वित्त संस्थाहरुले न्यून आय तथा विपन्न घर परिवारलाई वित्तीय सेवा प्रदान गर्ने प्राथामिक लक्षका साथ धेरै भन्दा धेरै सदस्यलाई सेवा पुरयाउने गरी कार्य गरेको बुझाउदछ भने सो वित्तीय सेवा सदस्यहरुको आयआर्जन गतिविधीमा उपयोग गराउने कार्यवाट सदस्यहरुलाई उद्यमी तथा व्यवसायी बनाउने दिशातर्फ उन्मुख गराएको छ । जसको फलस्वरुप लघुवित्त संस्थाले सदस्यहरुमा लघुउद्यम प्रबर्द्धन गराई संस्था आफैमा सक्षम र सबल बन्न सक्ने तर्फ संकेत गरेको छ ।

सारांशमा लघुवित्त, सेवा केवल न्यून आय भएका घर परिवारका लागि वित्तीय पहुँच पुर्‍याउने औजार मात्र नभई उनीहरुको आर्थिक तथा सामाजिक स्तरोन्नतीमा प्रत्यक्ष रुपमा टेवा पुर्‍याउने साधनका रुपमा स्थापित हुनुपर्दछ । लघुवित्त संस्थाहरुले लघुकर्जाका साथ साथै लघुउद्यम प्रवर्द्धन सम्बन्धी विभिन्न कार्यक्रम तथा सहयोग सदस्यहरुलाई उपलब्ध गराउने गरी हरेक वर्ष योजना तथा बजेट बनाई कार्य गर्न सकेमा लघुवित्त संस्थाको ध्येय प्राप्ती हुन सक्दछ । नेपालको सन्दर्भमा खासगरी विपन्न, ग्रामिण र पिछडिएका क्षेत्रका मानिसहरुको वित्तीय पहुँच र आर्थिक रुपान्तरणका लागि लघुवित्त संस्थालाई सशक्त र प्रभावकारी माध्यम बनाइनु पर्दछ । लघुउद्यम तथा साना व्यवसाय, पशुपालन, कृषि उत्पादन, जडीबुटी संकलन तथा प्रशोधन लगायत स्थानिय स्तरमा सम्भाव्य आयआर्जन हुने क्षेत्रमा कर्जा लगानीलाई जोड दिएमा लघुवित्त संस्थाहरुको भूमीका अझ शसक्त हुनेछ ।

धादिङ्गबेशीमा अन्तरक्रिया सम्पन्न

फर्स्ट माइक्रोफाइनान्स डेभलपमेन्ट बैंक लि.को आयोजनामा २०७२।११।२२ गतेका दिन धादिङ्ग जिल्लाको निलकण्ठ न.पा. धादिङ्गबेसीका ४ वटा बचत तथा ऋण सहकारी संस्थाका सञ्चालक तथा व्यवस्थापकहरुसँग अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । अन्तरक्रिया कार्यक्रम फर्स्ट माइक्रोफाइनान्स डेभलपमेन्ट बैंक लि.को थोक लघुकर्जा तथा अन्य सेवा सम्बन्धी जानकारी गराउने र सो क्षेत्रका सहकारी संस्थाहरुको धारणा बुझ्ने उद्देश्यका साथ आयोजना गरिएको थियो । सो अन्तरक्रिया कार्यक्रममा सहारा महिला साकोस, श्रोतपरिचालन साकोस, निलकण्ठ साकोस र भैरवी साकोसबाट २० जनाको सहभागिता रहेको थियो । उक्त कार्यक्रममा फर्स्ट माइक्रोफाईनान्स डेभलपमेन्ट बैकका सामान्य सेवा प्रमुखले सहकारी संस्थाको व्यवसायको वृद्धि एवं कोषको लागत विश्लेषण

सम्बन्धमा र कर्जा प्रशासन प्रमुखले थोक लघुकर्जाको प्रक्रियाको बारेमा सहजिकरण गर्नु भएको थियो ।

बन्दीपुरमा अन्तरक्रिया सम्पन्न

फर्स्ट माइक्रोफाइनान्स डेभलपमेन्ट बैंक लि.को आयोजनामा २०७२।१२।३ र ४ गतेका दिन तनहुँको बन्दीपुरमा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । फर्स्ट माइक्रोफाइनान्स डेभलपमेन्ट बैंक लि.का साझेदार लघुवित्त संस्थाहरुका लघुउद्यम कर्जा लगानी तथा जोखिम व्यवस्थानलाई प्रभावकारी बनाउन सहयोग पुर्‍याउने ध्येयका साथ आयोजना गरिएको उक्त कार्यक्रममा १० जिल्लाका २९ वटा साझेदार लघुवित्त संस्थाबाट सहभागिता रहेको थियो । उक्त अन्तरक्रियामा लघुवित्त संस्थाहरुका लागि लघुउद्यम कर्जा लगानीको महत्व र कर्जा विश्लेषण, लघुउद्यम कर्जा लगानीमा समसामयिक सवालहरु, धितो रोक्का प्रकृया तथा कानूनी सवालहरु, लघुवित्त संस्थाहरुमा जोखिम व्यवस्थापन, आन्तरिक नियन्त्रण प्रणाली र कर्जा लगानीसँग सम्बन्धित कागतजातहरुको स्तरीकरण विषयमा छलफल भएको थियो ।

उक्त अन्तरक्रियामा वोमी लघुवित्त वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृत, मालपोत कार्यालय तनहुँ दमौलीका प्रमुख मालपोत अधिकृत, ओम फाइनान्सका प्रमुख कार्यकारी अधिकृत, नेष्डो नेपालका प्रमुख कार्यकारी लगायत फर्स्ट माइक्रोफाइनान्स डेभलपमेन्ट बैंकका का.मु प्रमुख कार्यकारी अधिकृत, सामान्य सेवा प्रमुख र कर्जा प्रशासन प्रमुखले सहजीकरण गर्नु भएको थियो । कार्यक्रमको अन्तमा सहभागीहरुले कार्यक्रमवाट आफुहरु लाभान्वित भएको, लघु उद्यम कर्जा लगानीमा जानी/नजानी अभ्यास गरिरहेका कतिपय पक्षहरुमा यस कार्यक्रमबाट प्रष्ट भएको र यस प्रकारको कार्यक्रममा लघुवित्त संस्थाका व्यवस्थापकीय जिम्मेवारीमा रहेका कर्मचारीलाई सहभागी गराई आगामि दिनमा पनि यस प्रकारका कार्यक्रमको आयोजना गर्न फर्स्ट माइक्रोफाइनान्स डेभलपमेन्ट बैंकलाई अनुरोध गर्नु भएको थियो । कार्यक्रमको अन्तमा सम्पूर्ण सहभागीहरुलाई धन्यवाद दिदै फर्स्ट माइक्रोफाइनान्स डेभलपमेन्ट बैंकका का.मु. प्रमुख कार्यकारी अधिकृतले अन्तरक्रियामा सिकेका कुरालाई आ आफ्नो संस्थामा लागु गर्न सहभागीहरुलाई अनुरोध गर्नु भएको थियो ।

हेटौडामा लघुउद्यम कर्जा लगानी तथा जोखिम व्यवस्थापन सम्बन्धी अन्तरक्रिया सम्पन्न

फर्स्ट माइक्रोफाइनान्स डेभलपमेन्ट बैंक लि.को आयोजनामा २०७३।१।२७ गतेका दिन मकवानपुरको हेटौडामा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । फर्स्ट माइक्रोफाइनान्स डेभलपमेन्ट बैंक लि.का साझेदार लघुवित्त संस्थाहरुमा लघुउद्यम कर्जा लगानीलाई प्रवर्द्धन तथा जोखिम व्यवस्थानलाई प्रभावकारी बनाउन सहयोग पुर्‍याउने ध्येयका साथ आयोजना गरिएको उक्त कार्यक्रममा ८ जिल्लाका २६ वटा साझेदार लघुवित्त संस्थाबाट ४१ जनाको सहभागिता रहेको थियो । उक्त अन्तरक्रियामा लघुवित्त संस्थाहरुका लागि लघुउद्यम कर्जा लगानीको महत्व र कर्जा विश्लेषण, धितो मूल्याङ्कन विधी, धितो रोक्का प्रकृया तथा कानूनी सवालहरु, लघुवित्त संस्थाहरुमा जोखिम व्यवस्थापन, कर्जा लगानीसँग सम्बन्धित कागतजातहरुको स्तरीकरण विषयमा छलफल भएको थियो । उक्त अन्तरक्रियामा, मालपोत कार्यालय हेटौडा मकवानपुरका मालपोत अधिकृत लगायत फर्स्ट माइक्रोफाइनान्स डेभलपमेन्ट बैंकका का.मु प्रमुख कार्यकारी अधिकृत, सामान्य सेवा प्रमुख र कर्जा प्रशासन प्रमुख र भरतपुर शाखाका प्रमुखले सहजीकरण गर्नु भएको थियो ।

कार्यक्रमको अन्तमा सहभागीहरुले यस अन्तरक्रियावाट आफूहरुलाई लघुउद्यम कर्जा प्रबर्द्धन तथा धितो मूल्याङ्कन कार्यका लागि ब्याकअप प्राप्त भएको, सहकारी र लघुवित्त संस्थाका सहभागी एकै ठाँउमा राखेर अन्तरक्रिया गर्दा अनुभव आदन प्रदान प्रभावकारी भएको र समय सापेक्ष विषय बस्तुमा अन्तरक्रिया भएको धारणा व्यक्त गर्नु भएको थियो । कार्यक्रमको अन्तमा सम्पूर्ण सहभागीहरुलाई धन्यवाद दिदै फर्स्ट माइक्रोफाइनान्स डेभलपमेन्ट बैंकका का.मु. प्रमुख कार्यकारी अधिकृतले अन्तरक्रियामा सक्रिय सहभागिता जनाउनु भएकोमा सम्पूर्ण सहभागीहरुलाई धन्यवाद दिनुभएको थियो ।

प्रमुख कार्यकारी अधिकृतमा श्री भेषराज पन्थी नियुक्त

फर्स्ट माइक्रोफाइनान्स डेभलपमेन्ट बैंक लि.को प्रमुख कार्यकारी अधिकृतमा श्री भेषराज पन्थी नियुक्त हुनु भएको छ । बैकको सञ्चालक समितिको २०७३।२।२० को १०४ औ बैठकले उहाँलाई प्रमुख कार्यकारी अधिकृत पदमा नियुक्त गरेको हो । फर्स्ट माइक्रोफाइनान्स डेभलपमेन्ट बैंक लि. मा यस अघिका प्रमुख कार्यकारी अधिकृत श्री नुमनाथ पौडेलले २०७२ पौष महिनामा दिएको राजिनामा सञ्चालक समितिबाट स्वीकृत भएपश्चात फर्स्ट माइक्रोफाइनान्स डेभलपमेन्ट बैंकमा प्रमुख कार्यकारी अधिकृत पद रिक्त रहेको थियो । विगतमा राष्ट्रिय बाणिज्य बैंकको व्यवस्थापन समूहको उच्च तहसम्म पुगेर सो बैंकमा लामो कार्य अनुभव हासिल गर्नु भएका पन्थीको नियुक्तीले फर्स्ट माइक्रोफाइनान्स डेभलपमेन्ट बैंकको प्रगतिमा फड्को मार्न सक्ने अपेक्षा गरिएको छ ।

विराटनगरमा लघुउद्यम कर्जा लगानी तथा जोखिम व्यवस्थापन सम्बन्धी अन्तरक्रिया सम्पन्न

फर्स्ट माइक्रोफाइनान्स डेभलपमेन्ट बैंक लि.को आयोजनामा २०७३।३।५ गतेका दिन मोरङ्गको विराटनगरमा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । फर्स्ट माइक्रोफाइनान्स डेभलपमेन्ट बैंक लि.का साझेदार लघुवित्त संस्थाहरुमा लघुउद्यम कर्जा लगानी प्रवर्द्धन तथा लघुवित्त कारोवारका जोखिमलाई न्यून गराउने उद्देश्यका साथ आयोजना गरिएको उक्त कार्यक्रममा ८ जिल्लाका ३९ साझेदार लघुवित्त संस्थाबाट ४४ जनाको सहभागिता रहेको थियो ।

उक्त अन्तरक्रियाको उद्देश्य माथी प्रकाश पार्दै फर्स्ट माइक्रोफाइनान्स डेभलपमेन्ट बैंक लि.का प्रमुख कार्यकारी अधिकृत श्री भेषराज पन्थीले लघुवित्त संस्थाहरुले शुरु गरेको लघु उद्यम कर्जालाई प्रभावकारी ढंगवाट अगाडी बढाउन सहयोग पुरयाउने हेतुले यस किसिमको कार्यक्रम आयोजना गरिएको प्रष्ट पार्नु भएको थियो । सोही क्रममा उहाँले लघुवित्त संस्थाहरुसँग हातेमालो गरेर फर्स्ट माइक्रोफाइनान्स

डेभलपमेन्ट बैकले थोक लघुवित्त कर्जा न्यून आय भएका घर परिवार सम्म पुर्‍याउने कार्य गरिरहेकाले साझेदार संस्थाहरुलाई लक्षित गरी समय समयमा यस प्रकारका कार्यक्रम गर्दै जाने जानकारी गराउनु भएको थियो । सो अन्तरक्रिया कार्यक्रममा विभिन्न क्षेत्रका अनुभव हासिल गरेका सहजकर्ताहरुबाट सहजिकरण भएको थियो । जस अन्तर्गत लघुवित्त संस्थाहरुका लागि नेपाल राष्ट्र बैंकबाट जारी निर्देशन अनुरुप कर्जा वर्गिकरण तथा ऋण नोक्सानी कोषको व्यवस्था विषयमा नेपाल राष्ट्र बैंक विराटनगर कार्यालयका मुख्य व्यवस्थापक रामु पौडेल, धितो रोक्का प्रकृया तथा कानूनी सवालहरु विषयमा मालपोत कार्यालय विराटनगर मोरङ्गका प्रमुख मालपोत अधिकृत नरेन्द्र पौडेल, लघुवित्त संस्थाहरुका लागि लघुउद्यम कर्जा लगानीको आवश्यकता तथा सवालहरु विषयमा फर्स्ट माइक्रोफाइनान्स डेभलपमेन्ट बैंक लि.का प्रबन्धक बाबुराम न्यौपाने, लघुवित्त संस्थाहरुमा जोखिम व्यवस्थापन विषयमा फर्स्ट माइक्रोफाइनान्स डेभलपमेन्ट बैंक लि.का मुख्य व्यवस्थापक श्री दानराज पन्त, धितो मूल्याङ्कन विधी तथा प्रकृया विषयमा एडभान्स इन्जिनियरिङ्ग कन्सलट इटहरीका भ्यालुएटर इन्जिनियर इन्द्रकमल श्रेष्ठ र नेपालको लघुवित्त क्षेत्रका समसामयिक सवालहरुमा नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशक तथा लघुवित्त प्रबर्द्धन तथा सुपरीवेक्षण विभागका प्रमुख डा. विनोद आत्रेयले जानकारी गराउनु भएको थियो । कार्यक्रमको अन्तमा सम्पूर्ण सहभागीहरुलाई धन्यवाद दिदै फर्स्ट माइक्रोफाइनान्स डेभलपमेन्ट बैंकका प्रमुख कार्यकारी अधिकृत श्री भेषराज पन्थीले अन्तरक्रियामा सक्रिय सहभागिता जनाउनु भएकोमा सम्पूर्ण सहभागीहरुलाई धन्यवाद दिनुभएको थियो ।

Upcoming International Events Related to Microfinance

Financial Analysis for Microfinance Practitioners
Accra, Ghana
25 - 29 Jul, 2016

Risk Management Program for Microfinance Regulators and Practitioners
Nairobi, Kenya
15 -19 Aug, 2016

Crash Course on Microfinance and Financial Inclusion
Harare, Zimbabwe
15 -19 Aug, 2016

Digital Finance for Microfinance Institutions (DFS4MFIs)
Nairobi, Kenya
22 - 26 Aug, 2016

Online Master of Leadership in Development Finance
01 Sep 2016 - 01 Sep 2017

Advanced Financial Analysis for Microfinance Practitioners
London, United Kingdom
18 - 23 Sep, 2016

Risk and Fraud Management in Digital Financial Services
Nairobi, Kenya
19 - 23 Sep, 2016

Strategic Management for Microfinance Practitioners
Washington, DC - USA
26 - 30 Sep, 2016

Widening Microfinance & Financial Inclusion for the Missing Middle: SME
London, United Kingdom
10 - 14 Oct, 2016

Executive Retreat for CEOs of Microfinance Institutions and Networks
Nairobi, Kenya
19 - 21 Oct, 2016